# सुचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५(३) बमोजिम मिति २०८२ बैशाख १ देखी असार मसान्त सम्मको

स्वतः **प्रकाशन** (Pro-active Disclosure)

लुम्बिनी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

## डिभिजन वन कार्यालय, अर्घाखाँची

सन्धिखर्क, नेपाल

२०८२ साउन १०

## १. कार्यालयको संक्षिप्त परिचयः

वि.स. २०४० सालमा ७५ वटै जिल्लामा जिल्ला वन कार्यालय स्थापना गर्ने गरी भएको निर्णय वमोजिम यस कार्यालयको स्थापना भएको हो । सो भन्दा पहिले रिडी वन डिभिजन कार्यालयवाट यस जिल्लाको वन प्रशासन सञ्चालनमा रहेको थियो । वि.स. २०५० तथा वि.स. २०७० मा वन विभागको संगठनमा गरिएको परिवर्तन अनुसार यस कार्यालयको संरचनामा समेत परिवर्तन हुँदै आएको छ । यसभन्दा अघिल्लाो संरचना अनुसार यस कार्यालय अन्तर्गत १ वटा सेक्टर वन कार्यालय र ८ वटा ईलाका वन कार्यालय रहेकोमा नेपाल सरकार म.प.को मिति २०७५/०३/३२ को निर्णय अनुसार प्रदेश सरकार अन्तर्गत रहनेगरी यस कार्यालयको नाम डिभिजन वन कार्यालय हुन गएको र यस कार्यालय अन्तर्गत ६ वटा सव–डिभिजन वन कार्यालय रहने गरि व्यवस्था गरिएको छ ।

## २. अर्घाखाँची जिल्लाको वनको अवस्था

यस जिल्लाको दक्षिणमा तराईको समथर भू–भागसग जोडिएको भावर तथा चुरे क्षेत्रको वनजंगल उष्ण तथा उपोष्ण प्रदेशीय खालको छ । उत्तर तर्फका खोच, बेंसी जस्ता होचा क्षेँत्रहरूमा उपोष्ण र उच्च पहाडी क्षेत्र अर्थात् महाभारत श्रृंखलामा शितोष्ण प्रकारका वनजंगल पाइन्छन् । डिभिजन वन कार्यालय, अर्घाखाँचीको नयाँ अभिलेख अनुसार यस जिल्लाको कूल क्षेत्रफल १,२३९०८ हेक्टर छ । वन अनुसन्धान तथा सर्भेक्षण विभाग (FRA),२०१५ अनुसार जिल्लामा जम्मा वनले ढाकेको क्षेत्र ७३,२०७ हे. रहेको छ ।

**तालिका १ः स्थानिय तह अनुसारको भु-उपयोगिगता**

| स्थानिय तह | वन क्षेत्र | बाहेकको क्षेत्र | वन भएको अन्य क्षेत्र | बुट्यान क्षेत्र | कुल जम्मा |
|---|---|---|---|---|---|
| भुमिकास्थान नगरपालिका | ६९७०.०५ | ८९०७.९७ | ३५.२० | | १५९१३.२२ |
| छत्रदेव गाँउपालिका | ३२४७.१३ | ५५०३.६६ | ११.२६ | | ८७६२.०५ |
| मालारानी गाँउपालिका | २८७०.३१ | ६९८७.५८ | २४७.९२ | | १०१०५.८१ |
| पाणिनी गाँउपालिका | ७८९९.४१ | ७१०२.७७ | १३९.७५ | | १५१४१.९३ |
| सन्धिखर्क नगरपालिका | ४८५६.५६ | ८०६८.२८ | १७.०६ | | १२९४१.९० |
| शितगंगा नगरपालिका | ४७३६४.३५ | १३३११.१९ | ३४१.८६ | २५.५६ | ६१०४२.९६ |
| **कुल जम्मा** | **७३२०७.८२** | **४९८८१.४४** | **७९३.०५** | **२५.५६** | **१२३९०८** |

## ३. प्रजातीगत समिश्रणको आधारमा वनको वर्गिकरण

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले सन २०१५ मा प्रकाशन गरेको तथ्याङ्क अनुसार यस जिल्लामा साल वन, खोटे सल्लाको वन, गोब्रे सल्लाको वन, बाँझको वन, भावर आसपासको समथर स्थानमा रहेको कडा प्रजातिको मिश्रीत वन तथा तालिस पत्रको वन गरि ६ प्रकारको वन रहेको छ । प्राजातीगत समिश्रणको आधारमा वनको वर्गिकरण ।

**तालिका २ : प्रजातीगत समिश्रणको आधारमा वनको वर्गिकरण**

| क्र.सं. | वनको किसिम | | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|---|---|
| | नेपाली | अंग्रेजी | | |
| १ | समथर स्थानमा रहेको कडा मिश्रीत वन | Lower Mixed Hardwood Forest | ११९२९ | १६.६१ |
| २ | साल वन | Sal Forest | ३६८८५ | ५१.३१ |
| ३ | खोटे सल्लाको वन | Pinus roxburghi | ११६१३ | १६.१७ |
| ४ | गोब्रे सल्लाको वन | Pinus wallichaina | ९६४१ | १३.४२ |
| ५ | बाँझको वन | Qurecus species | १४५८ | २.०३ |
| ६ | ठिग्रे सल्लाको वन | Tsuga demosa | ३३४ | ०.४६ |
| जम्मा | | | | १००.०० |

स्रोत : FRA (2015)

**तालिका ३ : सव डिभिजन अनुसार सामुदायिक वन र राष्ट्रिय वनको विवरण**

| स.डि.व.का. | सा.व. संख्या | धरधुरी | जनसंख्या | वनको क्षेत्रफल | क्षेत्रफल (हेक्टर) | |
|---|---|---|---|---|---|---|
| | | | | | सा.व | सरकारद्धारा व्यवस्थित |
| शितगंगा | ६३ | ६१४८ | ३३४२८ | २५००२ | १३९५८ | ११०४४ |
| वाणगंगा | ६३ | ५२७३ | ३०६३८ | २२४१९ | ७८३३ | १४५८६ |
| सन्धिखर्क | ८६ | १०४३२ | ५७७८२ | ४९०६ | ३४०६ | १५०० |
| मालारानी छत्रदेव | १२४ | १४८१५ | ८६२१३ | ६५६४ | ३२४९ | ३३१५ |
| भुमिकास्थान | ५२ | ६७२७ | ३७४६२ | ७०४८ | २९११ | ४१३७ |
| पाणिनी | ५७ | ५४९७ | ३२०१५ | ८०९० | ३६०० | ४४९० |
| **औषत/जम्मा** | ४४५ | ४८८९२ | २७७५३८ | ७४०३० | ३४९५७ | ३९०७२ |

(स्रोत- डिभिजन वन कार्यालय, अर्घाखाँची)

## ४. डिभिजन वन कार्यालय अर्घाखाँचीको काम कर्तव्य र अधिकार

यस कार्यालयका काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

- सामुदायिक वन हस्तान्तरण, अनुगमन मुल्यांकन तथा प्राविधिक सल्लाह उपलब्ध गराउने
- निजि वन धनीलाई प्रोत्साहन गर्ने तथा नयाँ वन दर्ता गर्नका लागि आवश्यक प्राविधिक सेवा उपलब्ध गराउने
- राष्ट्रिय वनको संरक्षण, संवद्र्धन तथा व्यवस्थापन गर्ने
- वन डढेलो नियन्त्रण तथा रोकथाम गर्नका लागि आवश्यक कार्ययोजना निर्माण गर्ने तथा योजना कार्यान्वयन गर्ने
- मानव वन्यजन्तु द्वन्द व्यवस्थापन गर्नका लागि आवश्यक कार्ययोजना निर्माण गर्ने तथा योजना कार्यान्वयन गर्ने
- वन संरक्षण तथा व्यवस्थापन सम्बन्धि प्रचारप्रसार तथा सचेतनामुलक कार्यक्रम संचालन गर्ने
- वन पैदावारमा आधारित उद्याम संचालनका लागि प्रोत्साहन तथा सहजीकरण गर्ने
- पर्यापर्यटन प्रवद्र्धन गर्न सामुदायिक वन उपभोक्ता समुहहरुलाई आवश्यक प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउने
- वन क्षेत्रमा रोजगारीको सिर्जना गर्ने
- वन अतिक्रमण नियन्त्रण गर्ने तथा उक्त क्षेत्रमा वृक्षारोपण गर्ने
- कृषि वन तथा निजि वन प्रवद्र्धन गर्न कृषकहरुलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने
- आम्दानी दिने जातका रुखविरुवा वृक्षारोपण तथा जडिबुटी खेती बिस्तार गर्ने
- वन अपराध नियन्त्रण गर्न सुराकी तथा गस्ती परिचालन गर्ने
- वन पैदावार लगायतका प्राकृतिक स्रोतहरु जस्तै ढुंगा,गिटि, वालुवा तथा खानिजन्य पदार्थको उत्खनन्को अनुगमन, मुल्यांकन र नियमन गर्ने
- अन्य निकायहरुसँग समन्वय र सहकार्य गरी वन क्षेत्रभित्र हुने द्वन्द व्यवस्थापन गर्ने

## ५. कार्यालयको साँगठनिक संरचना तथा कर्मचारी दरबन्दी

संघीय संरचना पछि साविकका ७४ वटै जिल्ला वन कार्यालयहरु ८४ वटा डिभिजन वन कार्यालयहरुमा रुपान्तरण भएको शन्दर्भमा डिभिजन वन कार्यालय अर्घाखांचीको कुल दरबन्दी संख्या ५२ मध्ये ४६

पद पुर्ति रहेको र १२ पद रिक्त रहेका छ। यस कार्यालयमा हाल एउटा डिभिजन वन कार्यालय र सो अन्तरगत ६ वटा सव डिभिजन वन कार्यालयहरु मात्र रहेका छन् । डिभिजन वन कार्यालयको स्वीकृत दरवन्दी चार्ट, कर्मचारी दरवन्दी र पदपूर्तिको विवरण तल उल्लेख गरिएको छ ।

## ६. कर्मचारी दरबन्दी, पदपुर्ति र रिक्तको बर्तमान अवस्था

| सि.न. | पद | स्वीकृत दरवन्दी | पदपुर्ती | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | डिभिजनल वन अधिकृत | १ | १ | ० | |
| २ | सहायक वन अधिकृत | ९ | ६ | ३ | |
| ३ | रेन्जर | १ | १ | ० | |
| ४ | नायव सुब्बा | १ | १ | ० | |
| ५ | लेखापाल | १ | १ | ० | |
| ६ | खरिदार | १ | १ | ० | |
| ७ | फरेष्टर | २ | ८ | 0 | ६ जना अस्थायी दरबन्दीमा |
| ८ | वन रक्षक | २५ | २० | ५ | |
| ९ | कार्यालय सहयोगी | २ | २ | 0 | २ जना करार |
| १० | हलुका सवारी साधन | २ | २ | ० | २ जना करार |
| ११ | हवल्दार | १ | ० | १ | |
| १२ | सशस्त्त वन रक्षक | ५ | ३ | २ | २ जना करार |
| १३ | चौकिदार | १ | ० | १ | १ जना करार |
| | **कुल जम्मा** | ५२ | ४६ | १२ | |


# ७. दरवन्दी चार्ट (नेपाल सरकार, म.प.को मिति २०७५/०३/३२ को निर्णय बमोजिम)

लुम्बनी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

## डिभिजन वन कार्यालय, अर्घाखाँची




डिभिजन वन कार्यालय अन्तर्गत रहेका सव डिभिजन वन कार्यालयहरुको विवरण

| सि.न. | स.डि.व.का. को नाम | कार्यालय रहेको स्थान | कार्यक्षेत्र | जिम्मेवारी अधिकारी | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| १ | सन्धिखर्क | सन्धिखर्क-२ लदाम बगैचा | सन्धिखर्क नगरपालिका | दशराम चौधरी | |
| २ | भुमिकास्थान | भुमिकास्थान-८ हटिया | भुमिकास्थान नगरपालिका | दशराम चौधरी | |
| ३ | पाणिनी | पाणिनी-३ दुर्गाफाँट | पाणिनी नगरपालिका | दिपक पाण्डे | ९८५७०६६०२१ |
| ४ | मालारानी-छत्रदेव | मालारानी-२ डाँडाकटेरी | मलारानी र छत्रदेव गाँउपालिका | मनोज चौधरी | ९८५७०३४९३३ |
| ५ | वाणगंगा | शिगतंगा-१२ डोहोटे | शितगंगा-१ देखि ६ तथा १२ देखि १४ | अर्जुज प्रसाद चापागाइ | ९८५५०६३१९० |
| ६ | शितगंगा | शितगंगा-११ पथ्थरकोट | शितगंगा-७ देखि ११ | चन्द्र भाट | ९८५७०६०१०५ |

## ८. डिभिजन वन कार्यालय अर्घाखाँचीमा सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

# डिभिजन वन कार्यालय अर्घाखाँचीको वडापत्र

| सि.न. | उपलब्ध हुने सेवा/सुविधा | काम गर्न लाग्ने समय | लाग्ने दस्तुर | सुविधा उपलब्ध गराउने शाखा | समयमा सेवा उपलब्ध नभएर सम्पर्क गर्ने व्यक्ती | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक वन उपभोक्ता समुह दर्ता | १ घण्टा | निशुल्क | योजना शाखा | कार्यालय प्रमुख | विधिवत समुह गठन भई उपलब्ध हुने सेवा |
| २ | वन कार्ययोजना स्वीकृत तथा सा.व. दर्ता प्रमाण पत्र | ३ घण्टा | निशुल्क | योजना शाखा | कार्यालय प्रमुख | विधिवतरुपमा कार्ययोजना तयार भई विधान पेश भएपछि उपलब्ध हुने सेवा |
| ३ | धार्मिक वन दर्ता प्रमाण पत्र | ३ घण्टा | सुरुमा निशुल्क<br>र पुन लिनु परेमा रु २५ | योजना शाखा | कार्यालय प्रमुख | वन नियमावली बमोजिमको विवरण खोली निवेदन पर्न आएमा स्थलगत चेकजाँबाट ठहर भई पेश भएपछि उपलब्ध हुने सेवा |
| ४ | कबुलियति वन दर्ता<br>४.१ निवदन दर्ता | ३० मिनेट | निशुल्क | योजना शाखा | कार्यालय प्रमुख | कबुलियति वन दर्ताको लागि निवेदन पर्न आएमा आवश्यक कार्वाहीका लागि सोही दिन प्रदेश वन निर्देशनालयमा पठाईने । प्रदेश वन निर्देशनालयबाट सूचना प्रकाशन गर्ने आदेश प्राप्त भएपछि ३५ दिने सुचना प्रकाशित गरी प्रक्रियागत रुपमा कार्य सम्पन्न गर्ने |
| | ४.२ सार्वजनिक सूचना प्रकाशन | ३ घण्टा | | | | |
| ५ | निजि नम्बरी/आवादीको रुख कटान/मुछान तथा निकासी इजाजत<br>५.१ निवेदन दर्ता | ३० मिनेट | निशुल्क | व्यवस्थापन शाखा | कार्यालय प्रमुख | सन्बन्धित व्यक्तिको ज.ध. प्रमाण पुर्जा, चालु आ.व.को मालपोत तिरेको रसिद, नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, सम्बन्धित कित्ताको नापी नक्सा, स्थानीय तहको सिफारिस सहितको निवेदन पेश भए पश्चात स्थलगत चेकजाँच |

| सि.न. | उपलब्ध हुने सेवा/सुविधा | काम गर्न लाग्ने समय | लाग्ने दस्तुर | सुविधा उपलब्ध गराउने शाखा | समयमा सेवा उपलब्ध नभएर सम्पर्क गर्ने व्यक्ती | कैफियत |
|---|---|---|---|---|---|---|
| | ५.२ निकासी सहमति | ३ घण्टा | सरकारी दररेटको दस्तुर अनुसार | | | छानविनको प्रक्रिया चलाई छानविन पश्चात कटान मुछान एंव घाटगद्धी भई लगत प्राप्त भएपछि मु.अ.कर, अ.आ.कर र **प्रदेश संचित कोष** बापतको रकम दाखिला पश्चात विमार्का गरी निकासी इजाजत दिइने । |
| ६ | जडिबुटी/लघु वन पैदावार संकलन तथा निकासी इजाजत | १ घण्टा | वन नियमावली बमोजिमको दस्तुर | योजना शाखा | कार्यालय प्रमुख | संकलन ईजाजत लिइ घाटगद्दी गरी नाप तौल मुचुल्का पेश हुन आएपछि निकासी ईजाजत दिइने (निजि नम्बरी आवादीको हकमा सि.न. ६ मा उल्लेखित कागजात पेश गर्नुपर्ने र सोही बमोजिमको प्रकृया अवलम्बन हुने) |
| ७ | दैविक प्रकोप राहत | १ घण्टा | सरकारी दररेटको दस्तुर अनुसार | योजना तथा व्यवस्थापन शाखा | कार्यालय प्रमुख | संकलन सहमति १ घण्टामै दिईने र सो बमोजिमको संकलन भएको गोलिया काठमात्र विमार्का भई आए पश्चात छोडपुर्जी दिईने । |
| ८ | प्राविधिक सहयोग | कामको प्रकृती | निशुल्क | योजना तथा व्यवस्थापन शाखा | कार्यालय प्रमुख | माग र आवश्यकता अनुसार प्राविधिक सहयोग उपलब्ध हुने |
| ९ | सहुलियत दरमा काठ/दाउरा उपलब्ध गराइने | १ घण्टा | स्वीकृत कार्ययोजना अनुसार | जिल्ला वन पैदावार आपुर्ति समिति | कार्यालय प्रमुख | प्राप्त निवेदनहरुलाई आपुर्ति समितिको निर्णयका आधारमा प्रचलित कार्यविधि अनुसारको नियम अवलम्बन गरी उपलब्ध गराइने |
| १० | अन्य | कामको प्रकृती अनुसार | निशुल्क | योजना तथा व्यवस्थापन शाखा | कार्यालय प्रमुख | उल्लेख भएकोमा उल्लेख भए बमोजिम र उल्लेख नभएका अन्य कामहरु प्रचलित ऐन नियमानुसार प्रकृया अवलम्बन गरी कार्य सम्पादन गरिने । |

**९. निर्णय गर्ने प्रक्रिया र अधिकारी**

**क) निर्णय गर्ने प्रक्रिया**

संघीय वन ऐन २०७६, लुम्बनी प्रदेश वन ऐन, २०७८, संघीय वन नियमावली, २०७९, लुम्बिनी प्रदेश नियमावाली, २०७९ का साथै प्रचलित अन्य ऐन, नियम, निर्देशिका, मापदण्ड तथा समय समया प्राप्त हुने परिपत्र निर्देशन बमोजिम डिभिजनल वन अधिकृतले गर्ने

**ख) निर्णय गर्ने अधिकारी**

कार्यालय प्रमुख :- डिभिजनल वन अधिकृत

सहायक वन अधिकृत :- कार्यालय प्रमुखबाट अधिकार प्रत्यायोजन भए बमोजिम

**१०. निर्णय उपर उजूरी सुन्ने अधिकारी** :- कार्यालय प्रमुख-डिभिजनल वन अधिकृत

**११. यस अबधी सम्ममा कार्य सम्पादन गरेको कामको विवरणः**

उपरोक्त अवधिमा डिभिजन वन कार्यालय, अर्घाखाँचीले वन, वन्यजन्तु र वातावरण संरक्षणसँग सम्बन्धित विभिन्न कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरेको छ। प्रमुख उपलब्धिहरू निम्नानुसार छन्ः

*२.१ सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्य*

- जिल्लाका ४२ वटा वन समुहहरुमा कार्यक्रम कार्यान्वयन गरि वन पैदावारको उत्पादकत्व र वनको हैसियतमा सुधार गरि १५३०३२ क्यूफिट काठ र ४३० चट्टा दाउरा उत्पादन भएको।
- निरन्तर छलफल र सहकार्यमा लामो समयसम्म संरक्षणमात्र भइरहेको शितगंगा ११ को २१० हेक्टर राष्ट्रिय वनक्षेत्रलाइ कुचुवादमार चक्ला वनको रुपमा स्वीकृत गराइ प्रदेश सरकारलाइ बार्षिक करिब ८६ लाख राजश्व प्राप्तिको श्रोत सुनिश्यत गरिएको ।
- उत्पादनशिल सल्ला प्रजातीको साबहरुमा क्रमिकरुपमा वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापनको थालनी भएको ।

*२.२ वृक्षारोपण तथा बिरुवा उत्पादन बितरण*

- सब-डिभिजन कार्यालय मालारानी छत्रदेव,सन्धिखर्क भुमिकास्थान,पाणिनिमा २६.१ हेक्टर वनक्षेत्र तथा ३० हेक्टर बढी निजि वन क्षेत्रमा **तेजपात, टिमुर, खयर** जस्ता बहुपयोगी प्रजातिका बिरुवाहरूको वृक्षारोपण कार्यक्रम सम्पन्न।
- नर्सरीबाट ५०० बढि बिरुवा माग गर्नेका लागि बृक्षारोपण स्थलमा नै बिरुवा ढुवानी र रोपण सहजिकरण **सम्पन्न भइ ४३७०० बिरुवा ढुवानी भएको ।**
- **६ वटा नर्सरीहरुबाट वन जन्य र जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावार जन्य एकबर्षिय र बहुबर्षिय १८८००० बिरुवा उत्पादन गरिएको ।**

- **फलफुलजन्य तथा जडिबुटी र उच्चमूल्यका प्रजातीका २९५६६ बिरुवा खरिद तथा बितरण भइ निजि वन प्रबर्द्धनमा योगदान पुराइएको ।**

*२.३ वन डढेलो नियन्त्रण तथा सचेतना कार्यक्रम*

- *वन डढेलो कार्ययोजना: स्थानिय तह र सुरक्षा निकायको समन्वयमा जिल्ला विपद् व्यवस्थापन समिति बाट कार्ययोजना स्वीकृति र कार्यान्वयन।*
- *विशेष समन्वय बैठकहरू: पालिकाहरूसँग बैठक गरी सहकार्य निर्णय।*
- *सारङ्गिमा सचेतना अभियान: ७१ स्थानमा १५ दिनसम्म सांस्कृतिक कार्यक्रमद्वारा व्यापक सचेतना।*
- *मोबाइल माइकिङ र प्रसारण: १० वटा जिङ्गल उत्पादन र जिल्लाभर माइकिङ/रेडियो प्रसारण।*
- *कार्यक्रममा सचेतना सन्देश: सबै कार्यक्रमहरूमा वन डढेलो सचेतना समावेश।*
- *समुदायस्तर सचेतना र डेमो: उपभोक्ता समूहहरूमा गोष्ठी र डेमो।*
- *वन हेरालू नियुक्ति: ३१९ जना वन हेरालू कार्यरत, ५-१० जना अनिवार्य निर्देशन।*
- *पातपतिङ्गर हटाउन सहयोग: ४० सामुदायिक वनलाई रु ४ लाखको सहयोग। २९ समुह खोटो संकलनकर्तालाइ र बाँकि कोष भएका समुहहरुमा अनिबार्य पातपतिङ्गर हटाउन निर्देशन र अनुगमन*
- *सुरक्षा निकाय समन्वय: नियमित समन्वय र बजेट विनियोजन।*
- *वन डढेलो नियन्त्रण दस्ता: १० सदस्यीय टोली गठन, गस्ती र प्रतिकार्य।*
- *फोकल पर्सन र डेस्क स्थापना: वन डढेलो नियन्त्रण डेस्क र फोकल पर्सन नियुक्ति।*
- *स्रोत साधन परिचालन: दमकल, सुरक्षा निकाय र वन दस्तालाई सक्रिय परिचालन।*
- *बल्क एसएमएस: सबै समुहका अध्यक्षलाइ निरन्तर मेसेज प्रबाह।*
- *निगरानी र मुद्धा दायर: वन डढेलो भएको स्थानमा तत्काल पुग्ने/१० सदश्यिय दस्ताबाट गाउमा बुझ्ने केरकार गर्ने र निगरानी राख्ने काम गर्ने गरेको,एकजनालाइ प्रकाउ गरि मुद्धा दायर*
- *पातपतिङ्गरबाट मल उद्यमको काम शुरु: ५ वटा समुहलाइ संकलन गरि उद्यमस्थलसम्म ल्याउन प्रति समुह ८० हजार, २ वटा मेसिन ५ लाख कार्यान्विय हुने गरि कार्य अगाडि बढेको ।*
- *बन डढेलो स्कूल सचेतना: १८ वटा उच्चमाबिमा सचेतना भएको*

*२.४ राजश्व संकलन*

- यस अबधीमा वन पैदावारको बिक्रि वितरणबाट प्रदेश सन्चितकोषमा रु ३१०५५०५२ दाखिल गराउन सफल भएको ।नियमानुसार भ्याट र अग्रिमकर रु २७३७४९६२ संघिय सन्चित कोषमा दाखिला भएको ।

*२.५ पुनरउत्पादन क्षेत्रको अनुगमन तथा पृष्ठपोषण*

- वन सम्बर्द्धन प्रणाँलीमा आधारित वन व्यवस्थापन कार्य भएका सबै समुहहरुको कटान क्षेत्रको पुनरउत्पादनको अवस्था अनुगमन तथा समुहरुलाइ आवश्यक निर्देशन र सुझाव प्रदान भएको ।

*२.६ जडिबुटी प्रशोधन केन्द्र स्थापना*

- भुमिकास्थान ९ गैरागोठमा महारस जडिबुटी कन्द्रसँगको लागत साझेदारीमा अत्याधुनिक मेसिनहरु सहितको जडिबुटी प्रशोधन केन्द्र स्थापना र सन्चालनमा ल्याइएको ।

*२.७ वनक्षेत्रका पातपतिङ्गरबाट कम्पोष्ट मल उद्यम संचालन*

- शितगंगा १४ रहेका पावर सामुदायिक वन लगायत ५ वटा समुहहरुको कलष्टरमा पावर सामुदायिक वनमा २ वटा मेसिन सहितको कम्पोष्ट मल उद्यम स्थापना र सन्चालनमा ल्याइएको ।

*२.८ समन्वय, अनुगमन,सहकार्य र सशक्तिकरण*

- **स्थानीय तह, सुरक्षाकर्मी, पत्रकार र सरोकारवाला निकायहरूसँगको वन व्यवस्थापनका सैदान्तिक कुरा तथा कार्यान्वयन भएका** विभिन्न कार्यक्रमहरूको बारेमा जानकारी र स्थलगत अनुगमन भएको ।
- सामुदायिक वन उपभोक्ता समूहहरूलाई **संस्थागत सशक्तिकरण** र समुह परिचालनका लागि योजनाबद्ध कार्यसम्पादन
- **माननीय मन्त्री ज्यू, जिसस प्रमुख**,प्रजिअ,वन निर्देशक,सुरक्षा निकाय तथा पत्रकार सहितका १४ वटा बहुपक्षिय अनुगमन सम्पन्न गरिएको।
- वन डढेलो र वन संरक्षणका एजेन्डमा ५ वटा स्थानिय तहका बिशेष बैठक सम्पन्न भएको।
- अभिमुखिकरण तथा प्रशिक्षण ५१ वटा समुहका पदाधिकारीलाइ गरिएको ।

*२.९ सूचना प्रवाह र डिजिटल पहुँच*

- फेसबुक पेजमार्फत कार्यालयको गतिविधिहरू नियमित रूपमा सार्वजनिक, जसबाट **जनसरोकार र पारदर्शिता बढाइएको** छ। कार्यालयको website लाइ .lumbini.gov.np मा लिंक गरि नियमित अपडेट गरिएको ।
- डिजिटल पहुँच विस्तारसँगै **वनसम्बन्धी सचेतना सामग्रीको प्रचारप्रसार** गरिएको छ।
- गुनासो पोर्टल,Webapps,QR Code निर्माण गरि प्रयोगमा ल्याइएको । सबै शाखा प्रमुख र सबडिभिजन प्रमुखलाइ सरकारी नम्बर र फोन उपलब्ध गराइएको ।

*२.१० बाँदर तथा बदेलको क्षति न्यूनिकरण/मानववन्यजन्तु द्वन्द्ध न्यूनिकरण कार्यक्रम*

- बाँदर तथा बदेलबाट कृषकहरूको बालीनाली संरक्षण गर्न २० जना **बाँदर/बदेल हेरालु** नियुक्त गरि स्थानिय वडा तहमा यस प्रकृतिको कार्य सम्पादन गर्न प्रोत्साहन।
- प्रभावित क्षेत्रहरूमा **स्थानीय जनप्रतिनिधि र समुदायसँग निरन्तर सहकार्य** अभिमुखिकरण
- विगत ३ बर्षको अवधिको वन्यजन्तुबाट पिडित १०८ जनालाइ किसानलाइ रु १६ लाख ८५ हजार ५०० क्षतिपुर्ति बितरण गरिएको।
- वन्यजन्तुबाट कृषि बालिमा क्षति भएका ६० किसानलाइ राहतस्वरुप जनही ३५ वटा बन्यजन्तुले नरुचाहाउने फलफूल बिरुवा बितरण गरिएको।

*२.११ सल्लाको वन व्यवस्थावन कार्यको शुरुवात*

- ८ वटा सल्ला प्रजातीको वनक्षेत्रमा वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यको कार्यान्वयन भएको
- २९ वटा वन समुहहरुमा दिगोरुपमा खोटो संकलन कार्य गरि प्रदेश सन्चितकोषमा रु ७,९२,२७७ दाखिला भएको।

*२.१२ वन व्यवस्थापनको आयलाइ थप पराकिलो पार्ने प्रयत्नको शुरुवात*

- वन सम्बर्द्धन प्रणली लागू भएका सामुदायिक वनबाट प्राप्त आयलाइ सामाजिक बिकासका लागि नबिनतम कामका लागि अन्यत्र समेत परिचालन गर्ने प्रयत्नको शुरुवात ।
- पहिलो पटक शितगंगा नगरपालिकाका १० वटा सामुदायिक वन समुहले आफ्नो पालिका भन्दा बाहिरका ५ वटा पालिकाका लागि २० जना बादर हेरालू नियुक्त गरिएको र अन्य पालिकाहरुले समेत यस कार्य अनुशसरण कार्य गरिरहेको ।

*२.१३ वन पैदावार आपूर्ति समितिको प्रभावकारि सन्चालन*

- घर निर्माण मर्मत तथा दैविक प्रकोप पिडित गरेर ५४ जनालाइ सस्तो र शुलभ दरमा साल प्रजातीको ५०३७ क्यूफिट काठ बितरण भएको ।
- यसबाट प्रदेश सन्चित कोषमा ९,१९,९१० रकमको योगदानका साथ समिति मार्फत रु ५६,५३,१७३ कारोबार भएको

*२.१४ वन क्षेत्रभित्रका खोलाखोली व्यबस्थापन*

- शितगंगा ११ को गुडरुङखोला र शितगंगा १२ को धिरिखोलाको व्यवस्थापन गरिएको।
- यसबाट ५५८३४२ क्यूफिट नदिजन्य पदार्थ संकलन भइ लिलाम प्रकृयामा रहेको ।करिब ६० लाख राजश्व आम्दानी हुने देखीएको।

*२.१५ सुधारिएको घाटगद्धी व्यवस्थापन*

- समृद्धिका लागि वन कार्यक्रम मार्फत १ वटा ट्रस्ट सहितको घाटगद्धी निर्माण तथा ५ वटा सुधारिएका घाटगद्धी ब्यबस्थापन कार्य गरि ६ वटा समुह लाभावित भएका।

*२.१६ वातावरणीय स्वच्छताका लागि सव दाह गृह निर्माण*

- *वातावरणीय स्वच्छताका लागि सन्धिखर्क नगरपालिको समेत लागत साझेदारीमा मथुरा र गच्छे खोलामा २ वटा व्यवस्थित सव दाह गृह निर्माण भएको ।*

२.१७ रोजगारी सृजनामा योगदान

- वन बिकास तथा व्यवस्थापन कार्यबाट १३७१४ श्रमदिन रोजगारी सृजना भएको।

२.१८ वन अपराध नियन्त्रणमा सकृयता

- यस अबधीमा वन डढेलो लगायत वन पैदावार अबैध कटान तथा ओसारपसार सम्बन्धिका ४ वटा मुद्धा दायर भएको।
- शसत्र वन रक्षक परिचालन योजना तयारी पारी कार्यान्वियन गरिएको ।

## ११.१. प्रगति विवरण( बित्तिय )

| सिनं | कार्यक्रम | बिनियोज बजेट |  |  | खर्च |  | जम्मा खर्च | प्रतिशत |  | समग्र |
|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | चालू | पुजिगत | जम्मा | चालू | पुजिगत |  | चालू | पुजिगत |  |
| १ | ३२९०००१२ | ६००००० | ६१२८००० | ६७२८००० | ६००००० | ५५९७५२२.२५ | ६१९७५२२.२५ | 100 | 91.3434 | 92.1 |
| २ | ३२९०००१३ | १०० | ३९३०००० | ३९३०१०० | १०० | ३६०८००० | ३६०८१००. | 100 | 91.8066 | 91.8 |
| ३ | ३२९०००१५ | ० | १२००००० | १२००००० | ० | ९१५८७२ | ९१५८७२. | 0 | 76.3227 | 76.3 |
| ४ | ३२९०००१६ | ० | ४०००००० | ४०००००० | ० | ३९९८३८३ | ३९९८३८३. | 0 | 99.9596 | 100.0 |
| ५ | ३२९०००१८ | ० | ३८४६००० | ३८४६००० | ० | ३३६७६५० | ३३६७६५०.४४ | 0 | 87.5624 | 87.6 |
| ७ | ३२९९११२१ | ११२००००० | १९२०००० | १३१२०००० | १०४७८४५९. | १९१९९८४ | १२३९८४४३. | 93.5577 | 99.9992 | 94.5 |
| ८ | ३२९९११२३ | ० | २६००००० | २६००००० | ० | १५६६८२७.५ | १५६६८२७.५ | 0 | 60.2626 | 60.3 |
| ९ | ३२९९११२५ | ० | २९४०००० | २९४०००० | ० | २८९०००० | २८९००००. | 0 | 98.2993 | 98.3 |
| कार्यक्रम तर्फ |  | ११८००१०० | २६५६४००० | ३८३६४१०० | ११०७८५५९ | २३८६४२३९ | ३४९४२७९८ | 93.8853 | 89.8368 | 91.1 |
| ६ | ३२९०१०१२ | ३८७५८००० | २००००० | ३८९५८००० | २९५४३५२०. | १९८५५९ | २९७४२०७९. | 76.2256 | 99.2795 | 76.3 |
| १० | ३२९९११२९ | ३२२२००० | ० | ३२२२००० | २६३६२०८.८ | ० | २६३६२०८.८ | 81.819 | 0 | 81.8 |
| प्रशासनिक जम्मा |  | ४१९८०००० | २००००० | ४२१८०००० | ३२१७९७२९ | १९८५५९ | ३२३७८२८८ |  |  | 76.8 |
| जम्मा |  | ५३७८०१०० | २६७६४००० | ८०५४४१०० | ४३२५८२८८ | २४०६२७९८ | ६७३२१०८६ | 80.43549 | 89.90733 | 83.6 |

## ११.२. वन पैदावार उत्पादन तथा विक्रि वितरण सम्बन्धि विवरण

| सि. नं. | उत्पादन |  |  |  |  |  |  |  | बिक्रिवितरण |  |  |  |  |  | जम्मा मौज्दात (बिगत आ.ब.को अ.ल्या समेत) |  |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  | सामुदायिक वन तर्फको अ.ल्या मौज्दात |  | राष्ट्रिय वन र बिकास आयोजना (बिद्युत प्र.लाईन) तर्फको अ.ल्या मौज्दात |  | चालु आ.ब.को उत्पादन |  | जम्मा उत्पादन |  | सामुदायिक वन तर्फको अ.ल्या. काठ |  | चालु आ.ब. उत्पादन |  | जम्मा बिक्रि |  |  |  |
|  | काठ (क्यु.फि.) | दाउरा (च.) | काठ (क्यु.फि.) | दाउरा (च.) | काठ (क्यु.फि.) | दाउरा (च.) | काठ (क्यु.फि. | दाउरा (च.) | काठ (क्यु.फि.) | दाउरा (च.) | काठ (क्यु.फि. | दाउरा (च.) | काठ (क्यु.फि.) | दाउरा (च.) | काठ (क्यु.फि | दाउरा (च.) |
| १ | ७४५४७.५२ | १९९.२ | १२८१७.७८ | २५.०० | १५३०३२ | ४३०.१५ | २४०३९७.१४ | ६५४.३५ | ५४१५९.६ | १४०.४ | ५६९७१.४ | १७२.७५ | ११११३१ | ३१३.१५ | १२९२६६.१४ | ३४१.२ |

## ११.३ खोलाखोल्सी व्यवस्थापन/नदिजन्य पदार्थ व्यवस्थापन सम्बन्धि विवरण

| सि.न. | खोलाको नाम | क्षेत्रफल व.मि | परिमाण घ.मी | |
|---|---|---|---|---|
| | | | अनुमानित परिमाण | यस अवधीमा संकलित परिमाण |
| १ | धिरिखोला | ५४४४ | ५४८९.७५ | ० |
| २ | गुडरुङ | ८२८९ | ११९३०.७५ | ५३९४ |
| ३ | लुङ्गी | १०४५३ | १३०८४.२ | १०६६८ |
| कुल जम्मा | | २४१८६ | ३०५०४.७ | |

## ११.४. राजश्व

| क्र.सं. | राजश्व शिर्षक | | हालसम्मको राजश्व संकलन | कैफियत |
|---|---|---|---|---|
| 1 | 14219 अन्य सेवा शुल्क तथा बिक्रि | प्रदेश सरकार | १००० | |
| 2 | 14229 अन्य प्रशासनिक सेवा शुल्क | | ६५,००० | |
| 3 | 14264 वन क्षेत्रको अन्य आय | | २,७९,१५,४७५ | |
| 4 | 14313 धरौटी सदरस्याहा | | ३२,५७,६०४ | |
| 5 | 33361 वन क्षेत्रको रोयल्टी | | ५,१५,९९१ | |
| | | | ३,१७,५५,०५२ | |

## ११.४ बेरुजू फछ्यौट

| सि.नं. | आ.ब. | बेरुजुको किसिम | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | नियमित गर्नुपर्ने | असुल उपर गर्नुपर्ने | पेश्की बेरुजु | जम्मा | |
| १ | २०७७/०७८ सम्मको | २०,६२,११२.९ | १,९६,८२४.३० | ८५,९३,१०२.३० | १,०८,५२,०३९.४० | निर्माण ब्यवसायी, कर्मचारी तथा उपभोक्ता समुहलाई उपलब्ध गराएको पेश्की रु.६३,५२,२८७/- म्याद भित्र नै पे.फ. गरी सम्परिक्षणको लागि आ.ब.२०७८।०७९ मा डोर सामु पेश |
| २ | २०७८/०७९ | २९,०५,७६० | ० | ० | २९,०५,७६० | पर्यटन काज रु.१४०५७६०/- र प्रगतिशिल सा.ब. को फायरलाइन निर्माणमा जनश्रमदान contribution को रेकर्ड नभएको रु.१५०००००/- |
| ३ | २०७९/०८० | ० | ४,६५,८६४ | ० | ४,६५,८६४ | उक्त बेरुजुमध्ये जामुनेपानी सा.ब. पार्क निर्माण तर्फ रु.३९१५/- र धरौटी तर्फ रु.२३७९४९/- गरी रु.२४१८६४/- दाखिला भइ सम्परिक्षण हुन बाकी |
| ४ | २०८०/०८१ | आ.ले.प. तथा म.ले.प. सम्पन्न, म.ले.प. को प्रतिबेदन प्राप्त हुन बाकी, आ.ले.प. बाट औल्याईएको नियमित गर्नुपर्ने बेरुजु | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | २३,५७० | ० | ० | २३,५७० | सामाग्रि खरिद तर्फ अमृता स्टार्सलाई भुक्तानी रु.१३०५०/- र होटेल भुक्तानी तर्फको रु.१०५२०/- |
| | कुल जम्मा | ४९,९१,४४२.९० | ६,६२,६८८.३० | ८५,९३,१०२.३० | १,४२,४७,२३३.४० | |

## ११.५ यस अबधीको विरुवा उत्पादन र वितरण

2. आव २०८१।०८२ मा उत्पादन भएको बहुवर्ष वर्ष बिरुवा

| सिं | आव २०८१।०८२ मा उत्पादन भएको बहुवर्ष विरुवा | | | वितरण भएको संख्या | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | नेपाली नाम | वानस्पतिक नाम | संख्या | | | |
| 1 | टिमुर | *Zanthoxylum armatum* | २६६५० | 0 | चालु आवको विरुवा उत्पादन बहुवर्षिय | |
| 2 | अमला | *Phyllanthus emblica* | 3516 | 0 | चालु आवको विरुवा उत्पादन बहुवर्षिय | |
| 3 | दालचिनी | *Cinnamomum tamala* | ५१०५० | ५५०० | चालु आवको विरुवा उत्पादन बहुवर्षिय | |
| 4 | किम्बु | *Morus alba* | 2800 | 0 | चालु आवको विरुवा उत्पादन बहुवर्षिय | |
| 5 | धुपी | *Thuja orientalis* | १००७३ | 0 | चालु आवको विरुवा उत्पादन बहुवर्षिय | |
| 6 | अम्बा | *Psidium guajava* | २४०० | 0 | चालु आवको विरुवा उत्पादन बहुवर्षिय | |
| 7 | बेल | *Aegle marmelos* | ८००० | ० | चालु आवको विरुवा उत्पादन बहुवर्षिय | |
| 8 | कल्कीफुल | *Callistemon lanceolatus* | १५०० | ० | चालु आवको विरुवा उत्पादन बहुवर्षिय | |
| 9 | वडहर | *Ficus benghalensis* | ३००० | ० | चालु आवको विरुवा उत्पादन बहुवर्षिय | |
| | जम्मा | | 108989 | 5500 | | |

| सिं | नेपाली नाम | वानस्पतिक नाम | संख्या | भएको संख्या | स्रोत |
|---|---|---|---|---|---|
| 1 | अमला | *Phyllanthus emblica* | 7857 | 0 | चालु आवको विरुवा उत्पादन एकवर्षिय |
| 2 | दालचिनी | *Cinnamomum tamala* | १०८०० | 0 | चालु आवको विरुवा उत्पादन एकवर्षिय |
| 3 | बकाइनो | *Melia azedarach* | 6000 | 26 | चालु आवको विरुवा उत्पादन एकवर्षिय |
| 4 | टिमुर | *Zanthoxylum armatum* | 8700 | 3000 | चालु आवको विरुवा उत्पादन एकवर्षिय |
| 5 | किम्बु | *Morus alba* | १८००० | १६२०० | चालु आवको विरुवा उत्पादन एकवर्षिय |
| 6 | धुपी | *Thuja orientalis* | 3268 | 50 | चालु आवको विरुवा उत्पादन एकवर्षिय |
| 7 | रिठ्ठा | *Sapindus mukorossi* | १६५० | 400 | चालु आवको विरुवा उत्पादन एकवर्षिय |
| 8 | लप्सी | *Choerospondias axillaris* | 1119 | 226 | चालु आवको विरुवा उत्पादन एकवर्षिय |
| 9 | सितलचिनी | *Moringa oleifera* | ९०२३ | ६३१० | चालु आवको विरुवा उत्पादन एकवर्षिय |
| 10 | श्रीखण्ड | *Santalum album* | ३१२४ | 62 | चालु आवको विरुवा उत्पादन एकवर्षिय |
| 11 | खयर | *Acacia catechu* | २३०० | १५०० | चालु आवको विरुवा उत्पादन एकवर्षिय |
| 12 | अम्बा | *Psidium guajava* | २००० | ० | चालु आवको विरुवा उत्पादन एकवर्षिय |
| 13 | दार | *Boehmeria rugulosa* | ५० | ० | चालु आवको विरुवा उत्पादन एकवर्षिय |
| 14 | लहरेपिपल | *Ficus religiosa* | ४०० | २६० | चालु आवको विरुवा उत्पादन एकवर्षिय |
| 15 | मसला | *ucalyptus camaldulensis* | ५००० | ० | चालु आवको विरुवा उत्पादन एकवर्षिय |
| 16 | सिमलिकत | *Vitex parviflora* | १५० | १५० | चालु आवको विरुवा उत्पादन एकवर्षिय |
| 17 | इपिलइपिल | *Leucaena leucocephala* | ६०० | ३०० | चालु आवको विरुवा उत्पादन एकवर्षिय |
| | जम्मा | | 79041 | 28484 | |

एक वर्षीय विरुवा

वर्षीय विरुवा

जम्मा १८८०३०

## ११.६ बृक्षारोपण सम्बन्धी गत आबको विवरण

| कार्य | बिबरण | क्षेत्रफल हे |
|---|---|---|
| वृक्षारोपण | भुमिकास्थान ७ सल्लेनधारा | 1 |
| | भुमिकास्थान ४ लाकुरीडाडा | 1 |
| | मालिका साब पाणिनि ७ | 4 |
| | गढि सावउस पाणिनि | 1 |
| | जुकेपाटा काफल खोला | 0.5 |
| | वुढिपोले सामाखोरिया साव | 0.5 |
| | देवलखमारी सा.ब., भु.न.पा.१०, टोड्के | 1.15 |
| | आरिचौर देवलबिसारे सा.ब., भु.न.पा.१०, सेड्गलेड्ग | 0.55 |
| | रिपाहा पाखो महिला सा.व., स.न.पा.८, किमडाँडा | 1 |
| | लुम्छा सा.ब., छत्रदेव ५ अर्घाखाँची | 1.05 |
| | लालिगुँरास देउराली सा.ब., भु.न.पा.१०, सेड्गलेड्ग | 0.35 |
| | भुमिकास्थान न.पा.५ असुरकोट | 1 |
| | कोल्दिचौर ठुलाभिर साब छत्रदेव ४ | 1 |
| | अमरावती साब मालारानी १ | 1 |
| | सिद्धकालिका चम्पापोखरी मालारानी ४ | 1 |
| | सामुदायिक तथा सरकारी क्षेत्रमा | 16.1 |

| कार्य | बिबरण | क्षेत्रफल हे |
|---|---|---|
| पुनरोपण | भुमिकास्थान ९ खिल्जि | 2 |
| | सनपा ८ किमडाडा | 2 |
| | मालिका साब पाणिनि ७ | 2 |
| | कोल्दिचौर ठुलाभिर साव छत्रदेव ४ | 1 |
| | हर्रामसिला साबउस मालारानी ५ | 1 |
| | साम्धेरानीचौर साब मालारानी १ | 2 |
| जम्मा | | 10 |

टिमुर र तेजपातका ४३५०० विरुवा नीजि जग्गाधनीहरुवाट वृक्षारोपण गर्दा ३० हेक्टर थप हुन पुगेको

## ११.७. वन अपराध नियन्त्रण, वन मुद्दा र सो संग सम्बन्धित विवरण

| सि.न. | मुद्दाको प्रकार | संख्या | अवस्था |
|---|---|---|---|
| १ | अनाधिकृत रुपमा वन पैदावार हानिनोक्सानी | ८ | कार्यालयबाट फैसला भएको । |
| २ | अवैध रुपमा वन पैदावार ओसारपसार | २२ | २२ मध्ये १६ वटा कार्यालयबाट र ६ वटा अदालतमा फैसला भएको |
| ३ | जग्गा अतिक्रमण | ३ | कार्यालयबाट फैसला भएको । |
| ४ | ओखेटो पहार ओसार पसार | १ | कार्यालयबाट फैसला भएको । |
| ५ | राष्ट्रिय वनमा आगोलागी | ३ | अदालतमा दायर भै फैसला हुन बाँकी |
| कुल जम्मा | | ३७ | |

| आ.व | ०७६-०७७ सम्म | ०७७-०७८ | ०७८-०७९ | ०७९-०८० | ०८०-०८१ |
|---|---|---|---|---|---|
| संख्या | २२ | ५ | ० | ४ | ० |

## ११.८ मानव वन्यजन्तुको अवस्था (२०६७ देखि हाल सम्मको अवस्था)

| सि.न. | क्षतिको विवरण | प्रकार | जनावर | क्षतिको संख्या | हाल सम्म राहत वितरणको | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मानविय क्षति | मृत्यु | चितुवा | १५ | ९४००००० | |
| २ | | मृत्यु | भालु | १ | ११००००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | | घाइते | चितुवा वदेल भालु | २८ | १७२२७०० | |
| ४ | पशुचौपायको क्षति | मृत्यु | चितुवा | १६८ | १०५९५०० | |
| ५ | अन्नबाली क्षति | नष्ट | बदेल | २५ | १६०५०० | |

## ११.९ वन्यजन्तु उद्धार तथा क्षति

| सि.न. | जनवार | संख्या | स्थान | अवस्था | व्यवस्थापन | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सर्प | ७ | सन्धिखर्क | सामान्य | उद्धार गरी वन क्षेत्रमा पठाईएको | |
| २ | गिद्ध | १ | पाणिनि | घाइते | उपचार गरि वनक्षेत्रमा छाडीएको | |

## १२. प्रमुख,गुनासो सुन्ने अधिकारी र सुचना अधिकारी को नाम र पद

**क) कार्यालय प्रमुख**

नामः मोहन श्रेष्ठ

पदः डिभिजनल वन अधिकृत

मोवाईल नं. ९८५७०६३६११

**ख) गुनासो सुन्ने अधिकारी**

नामः गणेश कुमार थारु

पदः बरिष्ठ वन अधिकृत

मोवाईल नं. ९८५५०७७५९९

**ग) सुचना अधिकारी**

नामः केशर खड्का

पद : सहायक वन अधिकृत

मोवाईल नं. ९८५८३२१०१६

## १३. निति, ऐन, नियम, निर्देशिका, कार्यविधी, रणनिति, मापदण्डको सुची

वन क्षेत्रको रणनिति २०१६-२५

वन डढेलो रणनिति २०६७

राष्ट्रिय वन नीति, २०७५,

जडीबुटी र गैरकाष्ठ वन पैदावार विकास नीति, २०६१

राष्ट्रिय सिमसार नीति २०५९

राष्ट्रिय वातावरण निति २०७६

संघीय वन ऐन २०७६ , संघीय वन नियमावली २०७९,

लुम्बिनी प्रदेश वन ऐन, २०७८ लुम्बिनी प्रदेश वन नियमावली, २०७९

वातारण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७

लुम्बनि प्रदेश वातावरण ऐन, २०७७ र लुम्बीनी प्रदेश वातावरण संरक्षण नियमावली, २०७७

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ तथा नियमावली २०३०

सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली, २०६४

आर्थिक कार्यविधि ऐन २०५५, आर्थिक कार्यविधि नियमावली, २०६४

सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन २०६५

खोटो संकलन (कार्यविधि) निर्देशिका २०६४

वन पैदावार संकलन तथा विक्रि वितरण निर्देशिका, २०७३

सामुदायिक वनको काठ दाउरा संकलन तथा विक्रि वितरण निर्देशिका, २०७१

लुम्बिनी प्रदेशबाट जारी भएको वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड, २०७९

**१४. तोकिए बमोजिम अन्य विवरण**

माथिल्लो निकाय तथा जिल्ला स्थित कार्यलय र सर्वसाधारणबाट माग भए बमोजिम विवरण उपलब्ध गराईएको।

**१५. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण**

| **कार्यक्रमहरु** |
|---|
| वन, वन्यजन्तु, जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम |
| जडिवुटी तथा गैरकाष्ठ वन पैदावार विकास कार्यक्रम |
| वन क्षेत्र भित्रका खोल्सा खोल्सी व्यवस्थापन कार्यक्रम |
| वातावरण तथा जलवायु अनुकुलन कार्यक्रम |
| कृषि वन तथा बृहत्तर हरियाली प्रवर्द्धन कार्यक्रम |
| डिभिजन वन कार्यालयहरु |
| सम्वृद्धिका लागि वन(संघ शसर्त अनुदान) |
| राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) |
| जडिबुटी विकास कार्यक्रम(संघ शसर्त अनुदान) |

| डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत)(संघ शसर्त अनुदान) |
|---|

**१६ . सार्वजनिक निकायको वेवसाईट भए सोको विवरण**

- कार्यालयको वेवसाईट https://dfoarghakhachi.lumbini.gov.np/
- कार्यालयको फेसबुक पेज https://www.facebook.com/dfo.arghakhaanchi
- कार्यालयको इमेल dfoarghakhanchi@gmai.com
- सुचना पाटीमा टाँस गरिएको ।

**१७. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता ऋण, अनुदान एवंम प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरण**

यस निकायले कुनै पनि बैदेशि सहायता ऋण, अनुदान एवंम प्राविधिक सहयोग र सम्झौता नगरेको ।

**१८. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन**

यस निकायले नर्सरीहरुमा रहेका बहुबर्षिय बिरुवाहरुको अनुगमन तथा आवश्यक हेरचाह गरिरहेको ।विगतमा संचालनमा रहेका कार्यक्रमको प्रचावकारीताको अनुगमन तथा आवश्यक पृष्ठपोषण भएको। वन डढेलो नियन्त्रण तथा रोकथामका लागि सचेतना कार्यक्रम, अग्नी निरोधक सामाग्री खरिद तथा वितरण, ज्वलनशील पदार्थको संकलन तथा व्यवस्थापन मार्फत प्राङ्गारिक मल उत्पादन आदिको कार्योजना तयारी भइरहेको छ। मानव वन्यजन्तु द्वन्दबाट क्षती भएका घाईते तथा मृतक परिवारलाई राहत वितरण तथा मानव वन्यजन्तुद्धन्द व्यवस्थापनका लागि पिडितसंग प्रदेश सरकार मार्फत तत्काल राहत वितरण तथा समस्याग्रस्त वन्यजन्तु उद्धार र व्यवस्थापनका साथै सरोकारवालाहरुसँग छलफल गरिएको छ । त्यसका साथै सामुदायिक वनमा वन सम्वर्द्धन प्रणालीमा आधारित रहेर व्यवस्थापन मार्फत वन क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धीका लागि थिनिङ्ग तथा सुधार कटानका कार्य संचालनमा रहेकोमा उक्त कार्यको अनुगमन तथा वनपैदावारको सदुपयोग कार्य भइरहेको छ।

**१९ . सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि**

सूचनाको वर्गिकरण गर्ने काम भइरहेको ।

**२० . सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धि निवेदन र सो उपर सूचना दिइएको विषय**

माग भए बमोजिम समयमै सुचनाहरुउपलब्ध गराईएको ।

**२० . सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण**

- डिभिजन वन कार्यालयले लिलाम विक्रि गर्ने वन पैदावारको न्युनतम मुल्य एक लाखसम्म भए १५ दिन र सो भन्दा वढी मुल्यांकन भएको वन पैदावारको २१ दिनको म्याद दिई केन्द्रबाट प्रकाशन

हुने राष्ट्रिय दैनिक पत्रिकामा लुम्बिनी प्रदेश वन नियमावली, २०७९ तथा वन पैदावार संकलन तथा विक्रि वितरण निर्देशिका २०७३ सँग सम्बन्धित अनुसुचिको ढाँचामा सुचना प्रकाशन समुहहरुबाट भएको

- सामुदायिक वनको काठ दाउरा समुह बाहिर बिक्रि वितरण गर्दा लुम्बिनी प्रदेश वन नियमावली, २०७९ तथा सामुदायिक वनको काठ दाउरा संकलन तथा विक्रि वितरण निर्देशिका २०७१ बमोजिमन्युनतम मुल्य एक लाखसम्म भए १५ दिन र सो भन्दा वढी मुल्यांकन भएको वन पैदावारको २१ दिनको म्याद दिई अनुसुची बमोजिमको ढाँचामा राष्ट्रिय दैनिक पत्रिकामा सुचना प्रकाशन समुहहरुबाट भइरहेको

**<u>फोटोहरु</u>**





खोलाखोल्सि ब्यवस्थापनका लागि सरोकारवालाहरुको सहभागितामा स्थलगत अनुगमन



डि.व.का. अर्घाखाची
10 January at 11:05 ·

वन उपभोक्ता समूहको
आम्दानीबाट गाउँमा पुग्ने मोटरबाटो, सिँचाइ योजना, खानेपानी, विद्यालय भवन निर्माण, इन्टरनेट विस्तार, विद्युत् विस्तार, गाउँमा बाख्रा पालन, कुखुरा पालन, बंगुरपालन, वैदेशिक रोजगारीमा जानेहरुका लागि आर्थिक सहयोग गरेपछि गाउँका सबै उपभोक्ता रोजगारीमा व्यस्त रहेको छन ।

MADHYANHADAILY.COM
**सामुदायिक वनको आम्दानीले गाउँ झिलिमिली**



डिभिजन वन कार्यालय,अर्घाखाँची

**पाणिनी गाउपालिका र डिभिजन वन कार्यालयको समन्वय बैठक,"वन डढेलो नियन्त्रण तथा वन संरक्षणमा सहकार्यको निर्णय"**

केशर खड्का (सुचना अधिकारी)






कार्यालयको सहयोगमा रितगंगा १४ का पाँच समूहहरूमा पातपतिङ्गर संकलन कार्य गरी व्यावसायिक मल

उत्पादन कार्यको फिल्डस्तरमै सम्झौता सम्पन्न:





वन समुहहरूले वनक्षेत्रको पातपतिङ्गर संकलन गर्ने,फायरलाईन सफा गर्ने काम














**यस अवधिका सिकाइ, अनुभव र समस्या**

१. वन सम्बर्द्धन प्रणालिमा आधारित वन व्यवस्थापन कार्य कार्यान्वयन रहेका बनक्षेत्रका कटान प्लटमा पुनरउत्पादनको अवस्थाको अनुगमन तथा डकुमेन्टेसन आवश्यक रहेको ।
२. वन डढेलो व्यबस्थापन कार्यलाइ सामुहिक दायित्वको बिषय बनाउन जिल्ला बिपत व्यबस्थापन समिति स्थानिय तह लगायतको बहुसरोकारवाला समन्वय तथा छलफल लाभदायक हुने ।
३. डिभिजन वन कार्यालय तथा समुहहरुका कार्यहरुको त्रैमासिक सयुक्त अनुगमन प्रभावकारी हुने ।
४. पुरानो तथा गुणस्तर कम रहेका काठ दाउराको बिक्रि कार्य जटिल रहेको ।